मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ११८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ३ गते मंगलवार (Tuesday, March 16. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहितकको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




# एमालेलाई एकताबद्ध बनाउन साझा अवधारणा

**झापा, चैत २।** नेकपा (एमाले)लाई एकताबद्ध बनाउन साझा अवधारणा निर्माण गर्ने भएका छन् ।

एमाले मुख्यालय धुमबाराहीमा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपाल पक्षबीच पछिल्लोपटक देखिएको तिक्तता मेटाउन बसेको बैठकले पार्टीमा साझा धारणा निर्माण गरेर अगाडि बढ्ने सहमति गरेको हो ।

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले सोमवारको छलफल निष्कर्षमा नपुगे पनि सकारात्मक भएको बताए । उनले पार्टी एकताबद्ध बनाउन नेताबीच निरन्तर छलफल हुने जानकारी पनि दिए । अबदेखि नेताहरु विभिन्न चरणमा बसेर छलफल गर्नुहुन्छ । आजको छलफलले साझा धारणा निर्माण गरेको छ- उनले भने- यसको जगमा एमालेलाई एकताबद्ध बनाउँदै नयाँ गतिका साथ अगाडि लैजाने आधार सिर्जना गरेको छ ।

नेता ज्ञवालीले सर्वोच्च अदालतको एमाले ब्यूँताउने निर्णयलाई अवसरका रुपमा लिँदै पार्टीलाई सुदृढ बनाउँदै र देखिएका विवादलाई समाधान गर्दै जानुपर्नेमा बैठकमा जोड दिइएको बताए । बलियो एमालेले मात्र अरू बामपन्थीलाई पार्टी एकतामा जोड्दै सिङ्गो देशलाई एकताबद्ध र नेतृत्व दिन सक्छ भन्नेमा साझा निष्कर्ष निकालेका छौँ- उनले भने ।

बैठकमा नेपाल पक्षले आफूबिना बसेको गत फागुन २८ गतेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णयमा असहमति जनाएको छ ।

प्रवक्ता ज्ञवालीले नेपाललगायत नेताहरुले फागुन २८ गते आफूहरुको उपस्थिति नभएको बैठकले गरेका निर्णयलाई फिर्ता लिन भनेको जानकारी दिए । हामीले ती निर्णयमा पुनरावलोकन, सुधार र समीक्षा गर्नुछ भने छलफलबाट गर्न सकिन्छ भनेका छौँ- उनले भने- फागुन २८ गतेको निर्णयलाई अर्को बैठकमा छलफल गर्न सकिने धारणा प्रधानमन्त्री ओलीले राखे । बैठक बसिसकेको हुनाले फागुन २८ गतेको निर्णयलाई प्रतिष्ठाको विषय बनाएर जानु जरुरी छैन । उनले अर्को पक्षको यही चैत ४ र ५ गते गर्ने भनिएको भेलाले पार्टी एकतालाई बल नपुऱ्याउने जनाउँदै केन्द्रीय कमिटी बैठक आपसी परामर्शबाट तय गरौं भनेर आफूहरुले भनेको स्पष्ट पारे ।

छलफलमा सहभागी नेता भीमबहादुर रावलले पार्टीलाई कसरी एकताबद्ध बनाएर लैजाने भन्ने विषयमा छलफल भए पनि कुनै निष्कर्ष ननिस्किएको छलफलपछि पत्रकारलाई जानकारी दिए । फागुन २८ गते केन्द्रीय कमिटीले गरेका निर्णय औपचारिक नभएकाले हामीले मान्दैनौँ भन्यौ तर उहाँहरुले त्यसलाई स्वीकार गर्नुभएन- नेता रावलले भने- कुरा नमिलेपछि पुनः बैठक बस्ने भनिएको छ ।

उनले सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई मान्यता नदिई एमाले र नेकपा ( माओवादी केन्द्र) लाई व्युँताएपछि एमाले २०७५ साल जेठ ३ गतेभन्दा अगाडिकै स्थितिबाट अगाडि बढ्नुपर्ने बताए ।

उनका अनुसार पार्टीलाई कसरी एकताबद्ध बनाउने भन्नेमा छलफल भएको छ । एमालेको कुनै पनि फुट स्वीकार गर्दैनौं । पार्टीलाई एकताबद्ध बनाएर सशक्तरुपमा अगाडि बढाउनेमा हामी दृढ छौँ- नेता रावलले भने- तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एक भएन, भएन, फेरि पनि एमालेलाई विभाजन गर्ने कुनै पनि क्रियाकलापका विरुद्धमा हामी छौँ ।

उनले पार्टीलाई एक बनाउनका लागि विधान, पद्धति र प्रणालीबाट सञ्चालन हुनुपर्नेमा जोड दिए । उनले पार्टीको विवाद मिलाउन अहिले र यसअघि भएको निर्णय र गतिविधि स्थगन हुनुपर्ने माग पनि राखे । फागुन २८ गते भएको निर्णय रद्द गर्ने हो भने हामीले बोलाएको चैत ४ र ५ गतेको राष्ट्रिय भेला पनि स्थगन गरेर साझा धारणाका साथ हामी अगाडि बढ्न तयार छौँ- उनले भने ।

एमालेका अध्यक्ष ओलीले नेपाल पक्षको सहभागिताविना पदाधिकारी हेरफेर, प्रदेश कमिटीको कार्यविभाजन, माओवादी केन्द्रबाट आएका नेतालाई केन्द्रीय सदस्यमा मनोनयन र विधान संशोधन गरेपछि दुई समूहबीच तिक्तता पैदा भएको थियो । आजको छलफलमा अध्यक्ष ओलीसहित महासचिव ईश्वर पोखरेल, नेता विष्णुप्रसाद पौडेल, ज्ञवाली, सुवास नेम्वाङ तथा वरिष्ठ नेता नेपालका समूहबाट नेपालसहित नेता रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डे सहभागी भएका थिए ।

## ओली–नेपाल पक्षीय छलफल निष्कर्षविहीन



**काठमाडौं, चैत २।** प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र अर्का नेता माधवकुमार नेपाल पक्षबीचको छलफल निष्कर्षविहीन भएको छ । ४ महिनापछि बसेको बैठकमा दुवै पक्षले आ-आफ्ना अडानहरु नछोडेपछि छलफल निष्कर्षमा पुग्न नसकेको हो ।

अध्यक्ष ओली पक्षले पार्टीमा आउनका लागि विभिन्न पक्षबीच छलफल गर्नुपर्ने बताउँदा नेपाल पक्षले फागुन २८ गते बालुवाटारमा भएको ओलीपक्षीय केन्द्रीय कमिटीको बैठकमा भएका निर्णय रद्द गर्नुपर्ने अडान लिएको छ । दुवै पक्ष आ-आफ्नो अडानमा रहँदा बैठक निष्कर्षमा पुग्न नसकेको हो ।

बैठकपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै नेताहरूले दुवैले आ-आफ्ना प्रस्तावहरु राखेको जानकारी दिएका छन् । उनीहरुले पहिलो बैठकबाटै सम्पूर्ण विषयको समाधान ननस्किने बताउँदै अनौपचारिक संवादलाई जारी राख्ने बताएका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

# ३२ करोडमा बिर्तामोडमा अतिथि सदन निर्माण प्रारम्भ

**विनोद पाण्डे**

**चारपाने, चैत २।** झापाको बिर्तामोड-१ र अर्जुनधारा नगरपालिका-६ को संगम स्थल विहानी टोलमा निर्माण हुँदै गरेको वृहत सद्गुरु श्री देवचन्द्र सदनको निर्माण कार्य शुरु भएको छ ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल सद्गुरु श्री देवचन्द्र सदन इकाई समिति बिर्तामोडले सोमबार परियोजनास्थलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा निर्माण समितिका महासचिव शारदाप्रसाद थपलियाले अतिथि सदन निर्माणको १० प्रतिशत काम सम्पन्न भएको जानकारी दिए ।



जिल्लाकै नमूना परियोजनाको रुपमा लिइएको सद्गुरु श्री देवचन्द्र सदनमा प्रणामी मन्दिर, पाँच तल्ले अतिथि सदन, हरेक तल्लामा ६ हजारवर्ग फिटको सभाहल, बाइजुराज नामको चार तल्ले भवन, सद्गुरु स्तम्भ, कलात्मक प्रवेश द्वार, धार्मिक तथा सांकृतिक प्रतिमाहरु सहित सयौं सवारी राख्ने सकिने पार्किङ लगायतका भौतिक संरचनाहरु परियोजना भित्र समेटिएका छन् ।

परियोजनाको लागि ८ कट्ठा ३ धुर जग्गामा २ कट्ठा ५ धुर थपेर १० कट्ठा ८ धुर बनाइने लक्ष्य राखिएको भवन निर्माण समिति अध्यक्ष कृष्णप्रसाद बजगाईंले जानकारी दिए ।

देशमै १० स्थानभित्र पर्ने ठूलो परियोजनाको लागि २७देखि ३२ करोडसम्म लागत लाग्ने प्राविधिक अनुमान गरिएको जानकारी दिइयो ।

परियोजना सम्पन्न गर्नको लागि समाजसेवी, धार्मिक दाताहरु, तिनै तहका सरकारी निकायलाई मुख्य आधार मानिएको छ । जस अन्तर्गत हालसम्म सेवा समितिहरुबाट २१ लाख, सरकारी निकायबाट संकलित ३३ लाख रकमबाट करिव १० प्रतिशत काम सम्पन्न भएको

(बाँकी अन्तिम पृष्ठमा)

## लडेर एक जनाको मृत्यु

**खोटाङ, चैत्र २।** खोटाङ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङ बस्ने ४२ बर्षीया उर्मिला थापाको रुखबाट लडेर मृत्यु भएको छ ।

आइतबार बेलुका ४ बजे घर नजिकै आफ्नै बारीमा रहेको दुधिलोको रुखको घाँस झार्ने क्रममा रूखबाट लडी घाइते भएकी थापाको जिल्ला अस्पताल खोटाङमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

# झापा र इलाममा मौरीपालन व्यवसाय फस्टाउँदै

**झापा, चैत २।** झापा र इलाम सीमा क्षेत्रमा मौरीपालन व्यावसाय फस्टाउँदै गएको छ । यसका कारण किसानहरुको मौरी पालनप्रति आकर्षण बढ्दै गएको छ ।

कम मेहेनत र गाउँमै अर्ग्यानिक मह उत्पादन गर्न सकिने र मूल्य पनि राम्रो पाइने हुँदा किसानहरु यसतर्फ आकर्षित भएका हुन् । स्थानीय सेरेना जातको मौरीबाट उत्पादित मह प्रतिकेजी हजारदेखि १२ सय रुपैयाँसम्म बिक्री हुने गरेको छ । यहाँ



उत्पादित मह इलाम, झापासँगै काठमाडौंसम्म र भारतमा समेत विक्री हुने गरेको छ । किसानहरुलाई थप ज्ञान दिने उद्देश्यले पाँच दिने मौरीपालन आधारभूत तालिम दिइएको छ । रोङ गाउँपालिकाले दिएको सो तालिममा २५ जना भन्दाबढी सहभागी थिए ।

रोङ गाउँपालिकाको ६ वडामा दुई सय जनाभन्दा बढी मौरीपालक किसान रहेका छन् । मौरीपालनका लागि गत वर्ष १५ लाख र यस वर्ष पनि १५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ । यहाँका

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षरसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**नेपाल टेलिकम**
**NEPAL TELECOM**
राष्ट्र निर्माण हाम्रो लक्ष्य

**गाडी भाडामा लिने सम्बन्धी सूचना**

नेपाल टेलिकम बिर्तामोड कार्यालय अन्तर्गत टेलिफोन एक्सचेञ्जहरुको केवल नेटवर्क पुगेका स्थानहरु माइधार, दुर्गापुर घैलाडुब्बा, बिर्तामोड, बुधवारे, शनिश्चरे, दानाबारी, भद्रपुर, चन्द्रगढी तथा नेपाल टेलिकमका विभिन्न BTS (टावर) हरुको मर्मत सम्भार गर्ने प्रयोजनको लागि एक थान 4 WD सिंगल क्याव पिकअप गाडी भाडामा लिई सञ्चालन गर्न आवश्यक भएको हुँदा इच्छुक सवारी धनीहरुबाट बिर्तामोडस्थित कार्यालयमा सम्पर्क राखी शिलबन्दी दरभाउपत्र रु. ३०००।०० (अक्षरेपी रु. तीनहजार मात्र) मा खरिद गरी निर्देशिकामा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ । उक्त म्यादभित्र प्राप्त हुन आएका दरभाउपत्रहरु पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १:०० बजे कार्यालयमा खोलिनेछ ।

| सि.नं. | प्रथमपटक सूचना प्रकाशित मिति | फाराम लिने मिति र समय | फाराम बुझाउने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७७।२।०३ गते | २०७७।१२।०२ देखि २०७७।१२।१७ गते दिनको १५ बजेसम्म | २०७७।१२।१८ मध्यान्ह १२:०० बजेसम्म | २०७७।१२।१८ दिनको १:०० बजे | |

नेपाल टेलिकम
**दुरसञ्चार कार्यालय**, बिर्तामोड
सम्पर्क टे.नं. ०२३-५३०४४।०२३-५४१४८८

**एस. एण्ड एस. अटोमोबाइल, झापा**
**हिरो मोटरसाइकलको आधिकारिक डिलर नरहेको सूचना**

झापा जिल्ला बिर्तामोड नगरपालिका स्थित श्री सुमित श्रेष्ठ प्रोप्राइटर रहेको एस. एण्ड एस. अटोमोबाइल सँगको डिलरसिप सम्झौता मिति २०७७/११/११ देखि खारेज (समाप्त) भइसकेको हुनाले तत्पश्चात निजले हिरो मोटरसाइकल तथा पार्टस्को बिक्री वितरण गर्न र सर्भिस उपलब्ध गराउन नहुने/नमिल्ने भएको व्यहोरा सर्वसाधारणमा जानकारी गराईन्छ । साथै, हिरो मोटरसाइकल तथा स्कुटरको आधिकारिक डिलरबाट मात्रै हिरो मोटरसाईकल, स्कूटर तथा पार्टस् खरिद गर्न र सर्भिस प्राप्त गर्न हुन ग्राहक महानुभावहरुमा अनुरोध गरिन्छ ।

नेपाल जेनरल मार्केटिङ्ग प्रा. लि.
पो. ब. नं.: १३३ ज्योति भवन, १९११
कान्तिपथ, काठमाडौं, नेपाल
फोन नं.: ४२४८९४९, ४२२५४९०
NGM
Hero



# सफ्टवेयर सोर्स कोर्ड दुरुपयोग गर्ने पक्राउ

**झापा, चैत २।** नेपाल प्रहरीको साइबर ब्युरोले सफ्टवेयर सोर्स कोर्ड दुरुपयोग गर्ने तीन जनालाई पक्राउ गरेको छ ।

साइबर ब्युरो भोटाहिटीबाट खटिएको टोलीले नेशनल सफ्टवेयर एण्ड आइटी सोलुशन प्रालि कम्पनीको स्वामित्वमा रहेको सफ्टवेयरको सोर्स कोर्ड र युजर इन्टरफेस हुबहु नक्कल गरी सफ्टवेयर सोर्स कोर्ड दुरुपयोग गर्ने तीन जनालाई आइतबार पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा प्रिफेस टेक्नोलोजी प्रालि बुटवलका सञ्चालकत्रय दाङका ३९ वर्षीय विमल केसी, रुपन्देहीका ४० वर्षीय श्यामबहादुर चौधरी र पूर्वी नवलपरासीका ३६ वर्षीय शङ्कर ज्ञवाली रहेका छन् । ब्युरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक नविन्द अर्यालले प्रिफेस टेक्नोलोजी प्रालिले नेशनल सफ्टवेयर एण्ड आइटी सोलुशन प्रालि कम्पनीको स्वामित्वमा रहेको सफ्टवेयरको सोर्स कोर्ड र युजर इन्टरफेस नक्कल गरी बिक्री वितरण गरेको उजुरीको आधारमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका तीनै जनालाई चैत १ गतेको काठमाडौँ जिल्ला अदालतको आदेशले छ दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रवक्ता अर्यालले बताए । अन्य सञ्चालक फरार रहेकाले खोजी कार्य भइरहेको ब्युरोले जनाएको छ ।

**सूचना प्रविधिको दुरुपयोग रोकिनुपर्छ : विज्ञ**

सूचना प्रविधिको पहुँच व्यापक भए पनि प्रविधिको दुरुपयोग बढेको भन्दै यसको प्रभावकारी नियमन गरिनुपर्ने आवश्यकता यस क्षेत्रका विज्ञले औँल्याएका छन् । आधुनिक युगमा प्रविधिको उच्चतम् विकास र विस्तारले शहरदेखि दूरदराजमा प्रविधिको पहुँच बढेकाले प्रविधिको सहीरूपमा सदुपयोग भएको छ कि छैन भनेर प्रभावकारी अनुगमन र नियमन हुनुपर्ने उनीहरुको जोड छ ।

कम्प्युटर एशोसिएशन अफ नेपाल महासंघ (क्यान महासंघले) आइतबार आयोजना गरेको 'मिडियामा सूचना प्रविधिको प्रयोग' विषयक अन्तर्क्रियामा वरिष्ठ पत्रकार प्रतीक प्रधानले सूचना प्रविधिको पहुँच र प्रयोग बढ्दो रहनु सकारात्मक भए पनि यसबाट सिर्जना भएका कतिपय नकारात्मक गतिविधिलाई नियन्त्रण गरी प्रविधिको सही सदुपयोगका लागि ध्यान दिन जरुरी भएको बताए ।

सूचना प्रविधिको पहुँच र प्रयोग तीव्ररूपमा बढेको छ । समाचार पत्र र सञ्चारगृह आफैँमा द्विविधामा छन् कुन विषयवस्तु कसरी दिने भनेर । सूचना सम्प्रेषणमा प्रविधिले राम्रो कुरा ल्याएको छ, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता स्थापित गर्न पनि धेरैहदसम्म भूमिका खेलेको छ, प्रविधिसँगै आएका खराब पक्षलाई मिडिया, पाठक र समाजले पनि प्राथमिकता निर्धारण गर्न अपरिहार्य छ- उनले भने । पत्रकार प्रधानले पत्रकारले सूचना, मनोरञ्जन र अत्याचारलाई छुट्टयाएर पत्रकारितालाई जिम्मेवार बनाउन जरुरी भएको उल्लेख गरे ।

कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले सूचना प्रविधिको नियमन गर्ने फरकफरक निकाय भएकाले इन्टरनेट नियमन गर्न समस्या आएको बताए । उनले मिडियामा समावेश हुने विषयवस्तुलाई पनि जवाफदेही र जिम्मेवारी बनाउन अधिकार पाएको खण्डमा नियमन गर्न प्राधिकरण तयार रहेको बताए ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले इन्टरनेट नियमन गर्ने कि इन्टरनेटभित्रका विषयवस्तु प्रशोधन गर्ने भन्ने द्विविधा बढेको भन्दै सूचना प्रविधि क्षेत्रलाई सहज ढङ्गले अघि बढाइनुपर्नेमा जोड दिए । उनले कनेक्टिभिटी सहज हुँदाहुँदै पनि दुरुपयोग बढेको र यसबाट अपराध, आत्महत्याजस्ता गतिविधि बढेको बताए । उनले भने- हामीले जसरी कनेक्टिभिटीलाई लैजाँदैछौँ यसको कन्टेन्ट पनि निर्धारण र प्राथमिकीकरण गर्न जरुरी छ । देशका कुना गाउँसम्म प्रविधिको पहुँच पुगे पनि यसको सदुपयोग भएको छ कि छैन भनेर प्रभावकारी अनुगमन गर्न जरुरी छ ।

**६५५ स्थानीय तहमा फोरजी सेवा**

नेपाल टेलिकमले चौथो पुस्ताको द्रुत गतिको इन्टरनेट 'फोरजी' सेवा देशका ६५५ स्थानीय तहमा पुगिसकेको जनाएको छ । राज्य र व्यक्तिको सुरक्षासँग पनि कनेक्टिभिटी जोडिएकाले यसको सहज र सही प्रयोगका लागि जनमानसमा सचेतना फैलाउन जरुरी भएको प्रबन्ध निर्देशक अधिकारीले उनले उल्लेख गरे ।

क्यान महासंघका अध्यक्ष नवराज कुँवरले सरकारले अघि सारेको डिजिटल नेपाल फ्रेमवर्कलाई सूचना प्रविधिको 'गेमचेन्जर' मानेर सूचना प्रविधिको पूर्वाधार विकास तथा प्रभावकारी कार्यान्वयनतर्फ अघि बढ्नुपर्नेमा जोड दिए ।

## धनसार स्वास्थ्य केन्द्र सञ्चालनमा



**इलाम, चैत ३।** कोरोना भाइरसका कारण रोकिएको धनसार आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा आएको छ ।

रोङ गाउँपालिका-२ धनसारमा निर्माण भएको स्वास्थ्य सेवा केन्द्रको गाउँपालिका अध्यक्ष शम्शेर राईले उद्घाटन गरे । गाउँपालिकाको ३५ लाख रुपैयाँको लागतमा तीन कोठे भवन, आराम घर र स्वास्थ्यकर्मीको लागि आवास गृह समेत रहेको छ । घटाघट मूल्य २५ लाखमा भवन बनिए पनि बाँकी रहेको दश लाखमा आराम घर र आवास गृह निर्माण गरिएको हो ।

यसबाट रोङ गाउँपालिका-२, सूर्योदय नपा- १३ र १४ वडा र माई नगरपालिकाको ५ नम्बर वडाका बिरामी समेतलाई स्वास्थ्य सेवा पुग्ने बताइएको छ । सो सेवा केन्द्रबाट २४सै घण्टा सेवा पुऱ्याउने लक्ष्य लिइएको छ । एक अहेव, एक अनमी र परिचारिकाले स्वास्थ्य सेवा दिने बताइएको छ ।



**गुन्द्री बुन्दै छोरम्बूकी महिलाः** धानको परालबाट गुन्द्री बुन्दै दिप्रुङ चुइचम्मा गाउँपालिका-३ छोरम्बूकी एक महिला । धानको परालबाट गुन्द्री, पिरा लगायतका सामग्री तयार पारेर घरायसी प्रयोजनमा प्रयोग गर्ने गरिन्छ । रासस

## आम औषधि सेवन कार्यलाई प्रभावकारी बनाइने

**अर्जुनधारा, चैत २।** हात्तीपाइले रोग निवारणका लागि आम औषधि सेवन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले नगर स्वास्थ्य शाखाको आयोजनामा नगरस्तरीय योजना तर्जुमा गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाँईले हात्तीपाइले रोग निवारण कार्यक्रम बारे सहजीकरण गरेको कार्यक्रममा जनप्रतिनिधि, नगरपालिका अन्तर्गत विभिन्न शाखाका प्रमुख एवम् प्रतिनिधि र सञ्चारकर्मीहरुलगायतको सहभागिता रहेको थियो ।

आगामी चैत २० गतेदेखि शुरु हुने औषधि सेवन अभियानका लागि यसपटक ११ वटा वडाको ५५ वटा टोलसम्म अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने शाखाको तालिका रहेको छ । गतवर्ष ७२ प्रतिशत नगरवासीहरुले औषधिसेवन गरेकोमा यसवर्ष ९० प्रतिशत नगरवासीहरुलाई औषधि सेवन गराउने लक्ष्य शाखाले लिएको बताइएको छ ।

हात्तीपाइले रोगबिरुद्धको औषधि दुई वर्ष नपुगेका बालबालिकाहरु, गर्भवती, सात दिनसम्मका सुत्केरी तथा ओच्छ्यान परेका सिकिस्त बिरामीहरु बाहेक सबैले सेवन गर्न मिल्ने हुँदा उक्त कार्यक्रम सफल बनाउन स्वास्थ्यकर्मीहरु मात्र नभई सरोकारवालाहरु सबैलाई जुट्न शाखा प्रमुख केशव रिजालले अनुरोध गरे ।

सन् २०१२देखि नियमित रुपमा आम औषधि सेवन कार्यक्रम सञ्चालन हुँदै आएको झापामा हाल रोगीको दर १.४७ प्रतिशत रहेको फोकल पर्सन चौलागाईंले जानकारी दिए । घरदैलो अभियानमार्फत् विगतमा औषधि सेवन गराउने भन्दा पनि वितरण मात्र गरेको हुँदा केही कमजोरी भएको स्वीकार गर्दै उनले यस वर्ष वितरण भन्दा पनि परिचालन भएको स्वास्थ्यकर्मीहरुले औषधि सेवनमा जोड दिने बताए ।

गत वर्ष जिल्लामा ६८.५१ प्रतिशतले औषधि सेवन गरेकोमा यस वर्ष आठ लाख २६ सय जनालाई औषधि सेवन गराउने लक्ष्य जिल्ला स्वास्थ्य कार्यालयको रहेको छ । नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन सहसंयोजक मुकुन्द बस्नेतले गरेका थिए ।

### ओली-नेपाल ...

नेताहरुले आफूहरुबीच खुलस्त छलफल भएको र साझा अवधारणा निर्माण गरेको बताएका छन् । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पार्टीभित्रका अन्तरबिरोधहरुलाई समाधान गर्दै जाने र सम्पूर्ण बामपन्थीलाई एकतामा जोड्दै अघि बढ्ने विषयमा पार्टीका सम्पूर्ण नेताहरु एक रहेको बताए । उनले आगामी दिनमा पार्टीको अन्तर्विरोधको समाधानका लागि सोमबारको एमालेको ओली-नेपाल पक्षीय छलफल निष्कर्षविहीन शुरुवात भन्दै अनौपचारिक छलफललाई निरन्तरता दिइने स्पष्ट पारे ।

सर्वोच्च अदालतले एकता भएर बनेको नेकपा कम्युनिष्ट पार्टी ऋषिराम कट्टेललाई दिँदै नेकपा एमाले र नेकपा माओवादी केन्द्र ब्यूँताइदिए सँगै नेकपा एमालेमा विवाद चर्किएको छ । एमालेका अध्यक्ष ओलीले फागुन २८ गते बालुवाटारमा आफू निकटका केन्द्रीय सदस्य बोलाएर माधव नेपाल पक्षका सम्पूर्ण नेताहरूको जिम्मेवारी खोस्दै माओवादीबाट एमालेमा प्रवेश गरेकाहरूलाई जिम्मेवारी तोकेका थिए ।

यस्तै उनले नवौं महाधिवेशनबाट चुनिएर आएका अध्यक्ष र महासचिव बाहेकका सम्पूर्ण पदहरू खारेज गरेको निर्णय गरेका थिए । सोही निर्णयपछि नेपाल समूहले पनि समानान्तर कमिटी गठन गर्न थालेको थियो ।

## ट्रक र बोलेरो ठोक्किँदा मृत्यु

**झापा, चैत २।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पूर्वी चितवनमा भएको सवारी दुर्घटनामा परी एकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धादिङको धुसा गाउँपालिका-१ का २७ वर्षीय महेश फुयाल रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाका अनुसार काँकडभिट्टाबाट नारायणगढतर्फ आउँदै गरेको ना८ख १४२० नम्बरको तरकारी बोकेको ट्रक र विपरीत दिशाबाट गइरहेको बा१८च १३७१ नम्बरको बोलेरो राप्ती नगरपालिका-३ मार्तलपुल नजिक एकापसमा ठक्कर खाएको हो ।

### ३२ करोडमा ...

सद्गुरु श्री देवचन्द्र सदन बिर्तामोडका अध्यक्ष हरि कडरियाले बताए ।

श्रीकृष्ण प्रणामी सद्गुरु सदन परियोजनाका लागि हरिप्रसाद कडरियाको अध्यक्षतामा रहेको श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल बिर्तामोड इकाई, बिना कुमारी डाँगीको अध्यक्षतामा रहेको श्री बाइजुराज महिला संघ, दिनोज बजगाईंको अध्यक्षतामा रहेको श्रीकृष्ण प्रणामी युवा परिषद् क्रियाशील छन् ।

**परियोजनाको उद्देश्य**

आकर्षक नमूना पर्यटकीयस्थल बनाउने उद्देश्यसहित स्थापना गर्न लागिएको अतिथि सदनबाट भाइचारा, विश्वबन्धुत्व, छुवाछूत र भेदभावरहीत समाज निर्माण गर्ने लक्ष्य लिएको छ । सामाजिक तथा सेवामूलक कार्यहरु गर्न, स्थानीय सरकार एवम् अन्य संघ-संस्थाहरुसँग समन्वय गरी सामाजिक तथा सेवामूलक कार्य गर्ने परियोजनाको लक्ष्य निर्धारण गरिएको छ । पर्यावरण संरक्षणका लागि बृक्षरोपण, सरसफाई, फोहोर व्यवस्थापन कार्य गर्न जनचेतनामूलक कार्य गर्ने यसका थप उद्देश्य रहेको बताइएको छ ।

स्वास्थ्य शिविर, रक्तदान, निःशुल्क भोजन जस्ता सामाजिक कार्यक्रम सञ्चालन गर्ने साथै स्वदेश तथा विदेशबाट आउने पाहुना, संघ-संस्थाका प्रतिनिधिहरुलाई भवन हल तथा कोठाहरु उपलब्ध गरिने लगायत रहेका छन् ।

त्यस्तै परियोजनाको लागि खड्गप्रसाद खरेलको संयोजकत्वमा अनुगमन, कृष्णप्रसाद बजगाईंको संयोजकत्वमा आर्थिक, चन्द्रबहादुर डाँगीको संयोजकत्वमा सामग्री खरिद, टहलदास ओलीको संयोजकत्वमामा सूचना सम्प्रेषण तथा प्रचारप्रसार, तारा खतिवडाको संयोजकत्वमा सामग्री सुरक्षा, हरि कडरियाको संयोजकत्वमा प्रशासनिक तथा सम्पर्क, रेशमराज ढकालको संयोजकत्वमा प्राविधिक, शारदाप्रसाद थपलियाको संयोजकमात्वमा समस्या निराकरण तथा मूल्यांकन समिति गठन गरिएको कार्यक्रममा जानकारी दिइयो ।

बिष्णुकुमार शर्मा कट्टेलले ३ कट्ठा २ धुर जग्गा र ५३ जनाले भूमि दान दिएका छन् ।

### झापा ...

खेतीवालीमा विषादि प्रयोग नहुने र खुल्ला चरिचरण हुने भएकाले मौरीको लागि उचित स्थान रहेको बताइन्छ । यसैबीच रोङ गाउँपालिका अध्यक्ष शम्शेर राईले मौरीपालक किसानहरुका लागि घार तथा विभिन्न सहयोग गर्दै आएको बताए ।


**URGENTLY TEACHER WANTED**

No of post: 1(primary)
No of post:1 (pre-primary)

Contact: 9814025803

# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।


## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।१२।०३ | ११ केभीए बजार फिडर | अनारमनी वितरण केन्द्र, राजगढ फिडर अन्तर्गतको घैलाडुब्बा, चकचकी बजार र राजगढ बजार आसपासका सम्पूर्ण क्षेत्रहरु । | बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म | बूस कटिङ सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति : २०७७/१२/०३**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई आ.व २०७७/२०७८ को लागि संस्थाको संक्षिप्त परिचय र बस्तु तथा सेवा सम्बन्धी जानकारी पुस्तिका छपाई गर्न इच्छुक फर्मबाट आवश्यक कागजहरु संलग्न राखी ७ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

**छपाई विवरण :**

१ लम्बाई : ८.५ इन्च २. चौडाई : ५.५ इन्च
३. भित्रि पेज : म्याफ्लितो पेपर ८० ग्राम १/८ साइज, १६ पेज
४. बाहिरी पेज : आर्ट बोर्ड पेपर ३०० ग्राम, प्लास्टिक लेमिनेशन १/८ साईज , फोर कलर दुबै साइड भित्रि बाहिरी पेज प्रिन्ट ५. छपाई प्रति : २०,००० प्रति

**शर्तहरु :**

१) फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनुपर्ने छ ।
२) फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नुपर्ने छ ।
३) कोटेशनमा फर्मको व्यवसायिक, कर चुक्ता, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनुपर्ने छ ।
४) समय नाघी वा रीत पूरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।
५) फर्मले संस्थालाई गुणस्तरीय छपाई गरी उक्त पुस्तिका उपलब्ध गराउनु पर्नेछ ।
६) कोटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७) एकपटक पेश गरिएको सिलबन्दी दरभाउ पत्र फिर्ता वा संशोधन गर्न पाइने छैन ।
८) ढुवानी खर्च फर्मले नै आफै व्यहोर्नु पर्ने छ ।
९) भ्याट बिलको १.५ प्रतिशत रकम ठेक्का कर वापत (रकम) कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा जम्मा गरिनेछ ।
१०) कोटेशन केन्द्रीय कार्यालयबाट उपलब्ध हुनेछ ।

**सहारा नेपाल (साकोस) लि.**
केन्द्रीय कार्यालय, बिर्तामोड-२, चारपाने
फो.न. ०२३-५४११९८

## महारानीगञ्ज माध्यमिक विद्यालय

अर्जुनधारा नपा-११ (सालबारी), झापा
१ नं. प्रदेश नेपाल

## दरखास्त माग गरिएको सम्बन्धमा

*मितिः २०७७/१२/०१*

यस विद्यालयलाई उपलब्ध भएको शिक्षण सहयोग मावि अनुदान दरबन्दी कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट तपशिल अनुसारको रितपूर्वक दरखास्त माग गरिन्छ ।

**तपशिल :**

१) **विज्ञापन नं.** (क) गणित ०१-२०७७/२०७८, **(ख) विज्ञापन नं.** ०२-२०७७/२०७८
२) **पद :** शिक्षक ३) **तह :** मावि (अनुदान) ४) **विषय :** (क) गणित (ख) विज्ञान
५) **संख्या :** २ (दुई)
६) **आवश्यक कागजात :**
(क) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि, (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, (ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, (घ) निरोगिताको प्रमाणपत्रको प्रतिलिपि
७) **शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित र विज्ञान लिई स्नातक उत्तीर्ण
८) **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
९) **दरखास्त पेश गर्ने (विद्यालयको समय) :**
(क) करार सूचीमा नाम भएकाहरुका हकमा मिति २०७७/१२/०१ गतेदेखि ०७७/१२/१५ गतेसम्म ।
(ख) खुल्ला दरखास्त पेश गर्ने हकमा मिति २०७७/१२/१६ गतेदेखि ०७७/१२/२२ गतेसम्म ।
१०) **(क) आवेदन दस्तुर :** रु. १०००।-, **(ख) आवेदन फारम दस्तुर :** रु. २००।-
११) **सम्पर्क मिति :** मिति २०७७/१२/२३ गते
१२) **परीक्षा मिति :** सम्पर्क मितिको दिन तोकिने ।
१३) **परीक्षा सञ्चालन केन्द्र :** सम्पर्क मितिको दिन तोकिने ।
१४) **परीक्षाको किसिम :** लिखित मौखिक र आवश्यक भएमा प्रयोगात्मक ।
१५) **सेवासुविधा :** नेपाल सरकारले तोके बमोजिम । साथै शिक्षक सहयोग अनुदान रकम निरन्तर प्राप्त भए करार अवधि थप हुन सक्ने ।
१६) **पाठ्यक्रम :** शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
१७) सम्पर्कमा आउँदा सक्कल प्रमाणपत्रहरु ल्याउनु पर्नेछ ।
*(नोटः रितपूर्वक दरखास्त नपरे स्वतः रद्द हुनेछ ।)*

**मनबहादुर लिम्बू : प्र.अ./सचिव**
**शिक्षक छनौट समिति**, महारानीगञ्ज मावि, **(सम्पर्कः ९८१६९६८८२९)**

## भलिबल खेल तालिका

प्रथम उपाध्यक्ष कप वडास्तरीय नकआउट भलिबल प्रतियोगिता २०७७
बुद्धशान्ति, झापा

- ६ नं. र ४ नं. (बि) ३ गते
- ५ नं. र २ नं. ३ गते
- ५ गते
- ७ गते फाइनल
- ५ गते
- ४ नं. (ए) र १ नं. ३ गते
- ७ नं. र ३ नं. ३ गते

खेल स्थान : बर्जे पिया बगानको वर्कसप
समय : बिहान ११ बजे

## फुटबल खेल तालिका

प्रथम अध्यक्ष कप वडास्तरीय नकआउट फुटबल प्रतियोगिता २०७७
बुद्धशान्ति, झापा

- ४ नं. र १ नं. (ए) १२ गते
- ६ नं. र ३ नं. १४ गते
- १८ गते
- २१ गते फाइनल
- १९ गते
- ५ नं. र २ नं. १३ गते
- ७ नं. र १ नं. (बि)१७गते

खेल स्थान : त्रिभुवन मा.वि. को मैदान
समय : बिहान ११ बजे

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# व्यवस्थापनमा ध्यान देऊ

**नेपाली अम्रिसोको उत्पादन, बजार र मूल्य राजनीति जत्तिकै अस्थिर छ । नगदेबाली भनिने अम्रिसो मूलतः पहाडी जिल्लाको मुख्य उत्पादन हो । यसको खेती पाखो भित्तामै हुने भएकाले अन्न खेती गर्न नसकिने ठाउँले पनि किसानलाई मनग्ये आम्दानी दिन्छ । मुख्यगरी घर बढार्नका लागि प्रयोग हुने अम्रिसो गाईवस्तुको पोषिलो खाना पनि हो । अम्रिसोको फूल जम्मा गरेर कुचो बनाइन्छ । जो साना–ठूला सबै परिवारको अत्यावश्यक वस्तुभित्र पर्दछ । अम्रिसोको फूल बेचेर छोराछोरीलाई शिक्षादीक्षा, चाडपर्व लगायत दैनिक उपभोग्य वस्तुहरुमा खर्च गर्न सहज भएपछि किसानहरु यसको व्यावसायिकतातर्फ आकर्षित हुन थालेका छन् । खेती गर्न सहज, गोडमेल गरिरहनु नपर्ने, मलखाद नचाहिने, पानी र विशेष स्याहार गर्नु नपर्ने कारणले अम्रिसो खेती व्यापक रुपमा गरिनु किसानको लागि लाभकारी हुन्छ ।**

**नेपालको उत्पादनको निर्यात हुने दर आयातको तुलनामा नगन्य छ । कृषि प्रधान देश भएर पनि खाद्यान्न आयात गर्नुपर्ने आजको अवस्थाले कृषि प्रधानता कागजमै सीमित बन्न पुगेको छ । यहाँको मुख्य उत्पादन धान, मकै, कोदो, फापर जस्ता अन्न मात्र होइन तरकारी, मसला, तेल लगायतका वस्तु पनि भारत, भुटान, बंगलादेश जस्ता देशबाट आयात भइरहेको छ । यसले नेपाली मुद्रा विदेशिने क्रम बढाएको छ भने रेमिट्यान्सलाई अलग गर्दा देशको आर्थिक जीवन झनै कमजोर बन्दै जान थालेको छ । यस्तो अवस्थामा अम्रिसो लगायतका नगदेबाली लगाउन किसानलाई उत्प्रेरणा, आर्थिक एवम् प्राविधिक सहयोग, भण्डार गृह र वैज्ञानिक बजार व्यवस्थापनमा सहयोग गर्न राज्यले अग्रसरता देखाउनु पर्दछ । नेपाली किसानहरुले अम्रिसो जस्तै अलैंची, अदुवा लगायतका मसलाजन्य कृषि वस्तुको व्यावसायिक खेती गर्दैछन् । तर, त्यसको मूल्य तथा बजारीकरणमा सरकारले उचित सहयोग गरेको छैन ।**

**नेपाली उत्पादनको मुख्य बजार भारत नै हो । यस बाहेक बंगलादेश र केही पश्चिमी मुलुकहरुमा चिया, कफी लगायतका उत्पादनहरु बिक्री गर्न थालिएको छ । तर, वास्तविक किसान लक्षित कार्ययोजना नबनाइँदा बजार जहिल्यै अस्थिर रहने गरेको छ । किसानको हातबाट उम्किसकेपछि विचौलियालाई मात्र लाभ हुने गरी मूल्य निर्धारण गर्दा उत्पादक वर्ग जहिल्यै निराश हुने गरेको छ । अम्रिसोको पनि त्यही अवस्थामा खेती र व्यापार भइरहेको छ । पूर्णरुपले भारत आश्रित व्यापार भएका कारण कुनै एक वर्ष मूल्य बढेको आधारमा उत्साहित किसानले अर्को वर्ष क्षति व्यहोर्न बाध्य हुनु परेको छ । यस्तोमा राज्यले किसानलाई संरक्षण, प्रोत्साहन, उत्पादित वस्तुको प्रवर्द्धन र बजारीकरणमा सहयोग गर्नुपर्छ । अनि मात्र किसानले कामको उचित मूल्य पाउन सक्छन्, सुरक्षित महशुस गर्दै कार्य कुशलता बढाउन र आर्थिक जीवन उकास्न सक्छन् । यसतर्फ सरकारको ध्यान जानु पर्दछ ।**

# माओवादी केन्द्रको साँचो पुनर्जागरण सम्भव छ ?



तीर्थराज खरेल

नेपाली कम्युनिष्टहरुको इतिहासको मुख्य पाटो विभाजनका पानाहरुले भरिएका छन् । कम्युनिष्टका सम्बन्धमा विभाजन र विग्रहको मात्र समाचार लेखिरहनु, सुनिरहनु र पढिरहनु पर्नेमा त्यसको ठीक उल्टो नेपालमा दुई धारका कम्युनिष्ट पार्टीहरु नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच तीन वर्षअघि सहकार्य, कार्यगत एकता हुँदै पार्टी एकता भएको कुरा आज इतिहासको विषय भएको छ । मिलेका विषयमा साझा कार्यक्रम बनाएर विमति र बेमेलका विषयलाई साँगुरो बनाउँदै अन्त्यमा पार्टी एकता गर्ने उद्देश्यका साथ कार्यगत एकता गरिएको थियो । माओवादी केन्द्र, एमाले, माले, नेमकिपासहित सबै कम्युनिष्ट पार्टीहरु समावेश गरेर कम्युनिष्ट केन्द्र निर्माण गर्नुपर्छ भन्ने बहसको क्रममा माओवादी केन्द्र र एमाले मिलेर नेकपाको जन्म भएको हो । कतिपय बुज्रुकहरु सबै कम्युनिष्ट पार्टीहरु मिल्नुपर्छ भनेर भन्नु आदर्शवादी कुरा हो र यो बुद्धिबिलाश मात्र हो पनि भनिरहेका छन् ।

नेपालका पार्टीहरुमा बोल्ने एउटा र गर्ने अर्के प्रवृत्ति पनि छ । एकताको हल्ला फिँजाएर एकताको पक्षमा रहेका कार्यकर्ता र जनतालाई भ्रमित पार्न खोजेको जस्तो देखिएको छ यतिबेला । विचार र कार्यदिशाको एजेण्डामाथि छलफल गरी एकताबद्ध रुपमा समयको मागलाई समेत मध्यनजर गर्दै पार्टी एकता नगरिएको कारण आजको क्षति भएको मान्न सकिन्छ । स्वार्थको एकता भंग हुनु स्वाभाविक मान्न सकिन्छ । पार्टीभित्रका गलत संस्कार र संस्कृतिका विरुद्धमा आफ्नै टाउकोमा आगो झोस्न पुष्पकमल दाहाल तयार हुन सक्छन् भनेर पूर्णरुपमा विश्वास गर्न सकिँदैन । नेतृत्वले अवसरवाद र जनघाती बाटो त्यागेर स्वच्छ छवि र जनतामा भिजेर काम गर्न सक्नेमा आशा र विश्वास गर्न त्यति सहज छैन । विचार तथा सिद्धान्त मिले मात्र एकता सम्भव हुने स्पष्ट धारणा रहेकोमा छिटो-छिटो पूरा तयार नगरिकन पार्टी एकता गर्ने काम भयो र आज त्यो एकता भंग भएको छ र यसले नेपालको राजनीतिमा एउटा तरङ्ग ल्याएको छ ।

क्रान्तिको रक्षाको नाममा क्रान्तिका लोभलाग्दा नाराहरु लिएर अघि बढेको मान्दैमा क्रान्ति सफल हुँदैन । नेपाल कम्युनिष्ट पार्टीको चिन्तन र कार्यशैली पनि जनयुद्धको ह्याङ्ओभरबाट मुक्त नभएको र पद प्रतिष्ठाप्रतिको मोहले ग्रस्त बनाएर एकता भंग हुने अवस्था सृजना भयो । दर्जनौं तर्कहरु र सैद्धान्तिक अडानले मात्र मुलुक सही दिशामा अघि बढ्न सक्दैन । क्रान्तिको रक्षा गर्ने पवित्र उद्देश्यको नाममा अबका दिनमा उग्र गतिविधिहरु सञ्चालन गर्ने कुराले अन्ततः जनयुद्धको पुनरावृत्तितर्फ इंगित गर्दछ । जनयुद्ध र जनान्दोलनका शहीद र उनीहरुका परिवारको लागि केही गर्न नसकिरहेको अवस्थामा क्रान्तिका नाममा बन्दुक पड्काएर फेरि एउटा लामो शहीदको सूची बनाउनु क्रान्ति होइन । आफैंले सञ्चालन गरेका पेचिला संघर्ष र युद्धबाट प्राप्त उपलब्धीलाई नजरअन्दाज गरेर देश र जनताको विनाशको बाटोमा लाग्नु फेरि अर्को भूल हुन्छ ।

एक्काइसौं शताब्दीको आवश्यकता अनुरुप भावी कार्यक्रम बनाउन सकियो भने मात्र एकता भंग गरेको अर्थ हुन्छ । रक्तमुच्छेल दश वर्षे जनयुद्धको उपलब्धीको लेखाजोखा हुन गर्न नसकी वा गर्न नचाहेकै कारणले आजको अप्ठेरो परिस्थिति आएको हो माओवादीहरुका लागि । पन्ध्रौं हजार शहीदहरुको बलिदान, हजारौंको बेपत्ता स्थिति र गोलीका छर्रा बोकेका घाइते अपाङ्ग र लाखौं नेपालीहरुको त्याग तपस्याबाट प्राप्त आजको



उपलब्धीलाई बुझ्न नसक्दा र सोही अनुरुप आफ्ना क्रियाकलाप सञ्चालन गर्न नसक्दा उनीहरु राष्ट्रिय राजनीतिमा कमजोर स्थितिमा पुगेका हुन् । संसारमा कम्युनिष्टप्रतिको विश्वास उड्दै गएको आजको परिवेश हो । यस्तो अवस्थामा जनताबाट अलग्गिएर पार्टी संगठन बनाउने हो र जनताका दैनिक दुःखकष्टलाई बेवास्ता गर्ने हो भने जनताले सो पार्टीलाई कसरी विश्वास गर्न सक्छन् र ! जनताका माझमा स्थापित हुन जनशैली चाहिन्छ । समाज बद्लिएको छ, तर माओवादी लगायतका कम्युनिष्ट पार्टीका आधारभूत कार्यक्रम, शैली र ढाँचा उही छन् । मध्यम तथा निम्न वर्गीय जनताहरु समस्याका कहर काटिरहेका छन् । उनीहरुका लागि पृथ्वीको भू-स्वर्ग मानिने यही मुलुक नरक भएको छ, पीडा र आँशुमा उनीहरु बाँचिरहेका छन् ।

सैद्धान्तिक शुद्धतामा पूरा विश्वास गर्ने, पार्टीभित्रको फरक मतलाई नसहने र पुरानै ढाँचा र ढर्राबाट क्रान्ति सम्पन्न गर्ने कार्यदिशा पक्डेर अघि बढ्न मुश्किल छ नेपालका कम्युनिष्टका लागि । आफ्ना कमी-कमजोरीलाई आत्मसात गरी जनताको बीचमा गई काम नगर्ने हो भने वर्षौंवर्षसम्म क्रान्तिकारी कम्युनिष्टहरुले नेपालमा धक्का खान्छन् । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै नेपाली जनताको महान संघर्षबाट प्राप्त परिवर्तनको महशुस हरेक गाउँबस्ती र झुपडीहरुसम्म पुऱ्याउन माओवादीहरुले नसकेकै हो । कमजोर अवस्थामा मिल्ने र अलिकति अवस्था सुध्रिने बित्तिकै विभाजनतिर लाग्ने नेपाली कम्युनिष्टहरुको रोग हो ।

भ्यागुत्ताको धार्नी पुऱ्याउन सकिँदैन भने झैं नेपालमा कम्युनिष्ट पार्टीबीचको एकता टिकाउ हुन सकेको छैन । क्रान्तिका रंगीन र मीठा सपना साँचेर आशैआशमा बाँचिरहेका नेपाली जनतालाई जीवनका वास्तविक सुनौला विपनाहरु भोग्न माओवादीहरुले कस्तो कार्यक्रम ल्याउने हुन भन्ने जनताले आशालु नजरले हेरिरहेका छन् । क्रान्तिका सपना बाँडेर क्रान्ति पूरा हुँदैन । बन्दुक पड्काउँदैमा र हतियार उठाउँदैमा दाम्रिएको पेट र चाउरिएको गालामा क्रान्तिका लाली चढ्दैन । जनताबाट टाढिदै जाँदा जनता बिकल्पविहीन बनेर माओवादीको विरुद्धमा उभिएको यथार्थलाई बुझेर नेपाली जनताका आशा र अपेक्षाहरुलाई सम्बोधन गर्न क्रान्तिका पक्षधर सबै शक्तिलाई समेटेर अगाडि जान सक्ने हो भने माओवादीहरुले नेपालमा अझै केही गर्न सक्छन् । वीरतापूर्ण सशस्त्र संघर्षको तुफानी ज्वारभाटाबाट गुज्रेका माओवादीहरुले मुलुकका सामु उभिएका विराट चुनौति र महान् सम्भावनाको बारेमा घोत्लिने हो भने आफ्नो अस्तित्व रक्षाका लागि एकताको प्रक्रियामा उनीहरु जानैपर्छ किनभने उनीहरु बाह्य र आन्तरिक दुबै तर्फबाट चुनौतिको चौघेरामा थुनिएका छन् ।

परिवर्तन वा क्रान्तिको लागि उभिने काम अप्ठेरो छ र प्रतिक्रान्तिको भेलमा मिसिने काम सजिलो छ उनीहरुका लागि । अहंकारले अरुको होइन आफ्नै सर्वनाश गर्छ भन्ने सच्चाइलाई हृदयङ्गम गरेर जनतासँग घुलमिल हुन जरुरी छ माओवादीहरुले । कम्युनिष्टहरु जनतासँग एकाकार हुँदैनन् भने जनताका लागि क्रान्ति कसरी हुन्छ ? सबै प्रकारका पक्षपात त्यागेर आलोचना र आत्मालोचनाको लोकतान्त्रिक विधि अवलम्बन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक लगायतका नेपाली समाजमा रहेका विभेदलाई सदाका लागि अन्त्य गर्न माओवादीहरुले जडसूत्रवादलाई त्यागेर मार्क्सवादको सारतत्वलाई नेपाली माटोमा सृजनात्मक रुपमा ग्रहण गर्दै युगसापेक्ष लोकतान्त्रिक संविधान बनाउन भूमिका खेल्न आवश्यक छ । कार्यगत एकताबाट हौसिएर शान्ति र स्थायित्वतर्फ लम्किरहेको मुलुकमा अहिले प्रगतिशील सारतत्वसहितको जनमुखी व्यवस्था स्थापनाका लागि माओवादीले आफूलाई बदल्न जरुरी छ । जनता क्रान्ति चाहन्छन् र उनीहरु शान्ति चाहन्छन् । उनीहरु स्थायित्व र समृद्धि चाहन्छन् भनेर माओवादीले बुझेर आफ्ना नीति र कार्यक्रम बनाउन र सोही अनुरुप गतिविधि सञ्चालन गर्न आवश्यक छ । माओवादीहरुको पुनर्जागरण त्यति सहज छैन ।

जनताको बीचमा गएर सामन्तवादका अवशेषका विरुद्ध संघर्ष गर्न आवश्यक छ । सामन्तवादी अवशेषहरु माओवादी पार्टीमै छ भने पनि कठोर संघर्ष गर्न सक्नुपर्दछ । विचार, राजनीति, कार्यदिशा र कार्यभार जनपक्षीय हुनुपर्दछ । धनसम्पत्तिप्रतिको लालसा, पदप्रतिको आसक्ति र दलहरुका बीचमा गलत ढंगबाट अन्तरविरोधमा खेल्ने अत्यन्तै अविश्वसनीय गतिविधिका कारण माओवादी पार्टी आज जनताबाट अलगथलग हुन लागेको हो र बाटो सच्याएर अघि बढ्न आफैंविरुद्ध कठोर संघर्ष गर्न जरुरी छ ।

मुलुकको मूलधारबाट अलगथलग पारिएकाहरु, वञ्चितिमा परेकाहरु अल्पसंख्यक, सर्वहारा, गरीब, मजदुर, किसानको पक्षमा उभिञ्जेल माओवादी जनताको मनमनमा थियो, तर अहिले परिस्थिति बदलिएको छ । जननीति छोडेपछि सबै कुरा छोडिन्छन् भन्ने माओत्सेतुङको भनाइ थियो । माओवादीको पुनर्जागरणको मुख्य शर्त माओवादीले आफूलाई पुनर्मूल्यांकन गर्न जरुरी छ ।

tirthakharel2028@gmail.com

# तीव्रगति जीवनको क्षति



प्रदीप धमला

देशमा बढ्दो जनसंख्याको प्रभावले दिन प्रतिदिन शहरीकरण तथा सवारीसाधनको माग बढ्दो क्रममा रहेको छ । अव्यवस्थित बसोबास तथा शहरीकरणले सवारीसाधनमा आवत-जावत गर्न बढी सजकता अपनाउनुपर्ने भएको छ ।

जति जनसंख्या वृद्धि हुँदै जान्छ, त्यति नै सेवासुविधा तथा विलासी वस्तुको मागमा वृद्धि हुँदै जान्छ । समयको प्रभावले होस् या मानिसको अरुलाई देखाउने प्रवृत्तिले होस् सवारीसाधनमा बढ्दो देखिन्छ । आजको दिनमा सवारीसाधनको पहुँचमा वृद्धि हुनु सकारात्मक पक्ष मान्न सकिन्छ । तर, उपयुक्त तालिमको अभाव तथा सवारीसाधन अनुमति पत्रको अभावमा सवारीसाधनमा पहुँच बढ्नाले खतराको स्थिति ल्याउन सक्छ ।

देशमा पछिल्लो समयमा भएका सवारीसाधन दुर्घटनामा परी धेरै नेपाली दाजु-भाइ तथा दिदी-बहिनीले आफ्नो ज्यान गुमाउनु भएको छ । हिमाल, पहाड र तराईका धेरै ठाउँमा यस्तो दुर्घटनाले उग्ररुप लिइरहेको अवस्था छ । जसबाट हामी सबै सचेत र सजक हुनु अति आवश्यक छ । सवारीसाधनबाट हुने सडक दुर्घटनालाई कम गर्न तथा अनुगमन गर्न सडकमा ट्राफिक प्रहरीहरु खटिएका हुन्छन् ।




यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमति पत्र प्रदान गर्ने कार्य गरेको हुन्छ । तर, पनि दिन प्रतिदिन सवारी दुर्घटना बढिरहेको छ । यसको अनुगमन भइरहेकै छ, तर पनि दुर्घटनामा कमी भने आउन सकेको छैन । देशको पछिल्लो सवारी दुर्घटनाको स्थितिलाई हेर्दा ट्राफिक नियमको पालना नगर्ने र उपयुक्त सिप हासिल नगरी र सवारी चालक अनुमति पत्र सवारीसाधन चलाउने बानीले गर्दा यस्तो दुर्घटनाको स्थिति आएको देख्न सकिन्छ । आम सवारी चालक तथा पैदल यात्रुहरुमा ट्राफिक नियम सम्बन्धी जनचेतनाको कमी देखिन्छ । रेडियो तथा टेलिभिजन र ट्राफिक प्रहरीबाट हुने गरेका ट्राफिक नियम सम्बन्धी जनचेतना हालको अवस्थामा कमी नै भएको देखिन्छ ।

यसलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता रहेको छ । जसरी सञ्चारमाध्यम तथा ट्राफिक प्रहरीबाट ट्राफिक नियमको जनचेतना जगाउने कार्य भएको छ । त्यसरी नै सम्पूर्ण सवारी चालक तथा पैदल यात्रुले यसको सही पालना गर्नुपर्ने अति आवश्यक रहेको छ । हामी सम्पूर्ण सवारी चालकले मात्र सजकता अपनाएको खण्डमा पनि धेरै दुर्घटना कम गर्न सकिन्छ । आजको दिनमा तीव्रगतिले सवारीसाधन चलाउने बानीले गर्दा हामी आफ्नो अमूल्य जीवनलाई गुमाउन विवश छौं ।

हामी सबै आ-आफ्नो काम गर्छौं, कामको सिलसिलामा सवारीसाधन लिएर जान्छौं । कुनै समय ढिलो हुन सक्छ, जसले गर्दा हामी जोखिम मोलेर तीव्रगतिमा सवारी चलाउँछौं । बाटोमा ट्राफिक प्रहरी छैन भने हामी ट्राफिक नियमको उल्लंघन गर्न पछि पर्दैनौं र जसले गर्दा हामी दुर्घटनाको शिकार बन्दछौं । हामी घरबाटै हिँड्दा अलि छिटो हिँड्न सक्छौं ।

जसले सवारीसाधनको गति कम गरेरै कार्यक्षेत्रमा सुरक्षितसँग पुग्न सकिन्छ । ट्राफिक नियमको उल्लघंन गर्दा आफूलाई ठूलो मान्छे मान्ने प्रवृत्ति बढ्दो छ । याद गरौं दुर्घटनाको पीडा अरुलाई नभएर स्वयम् आफूलाई हुन्छ । तसर्थ सदैव ट्राफिक नियमको पालना गरौं, तीव्रगतिमा सवारी नचलाऔं आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# खैरो हिरोइनसहित दुई युवक पक्राउ

**भद्रपुर, चैत २।** काँकरभिट्टाको मेची पुलबाट लागूऔषध खैरो हिरोइनसहित दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सुनसरी इटहरी उपमहानगरपालिका-४ बस्ने २३ बर्षीय आशिष चौधरी र बराहक्षेत्र नगरपालिका-७ घर भई हाल इटहरी उपमहानगरपालिका-७ बस्ने २४ वर्षीय लोकनाथ भण्डारी रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

भारतबाट आउँदै गरेका उनीहरूलाई मेचीनगर नगरपालिका-६ स्थित मेची पुलमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाको टोलीले विशेष सुराकीको आधारमा चेकजाँच गर्दा उनीहरूको साथबाट ४० ग्राम खैरो हिरोइन बरामद गरेको हो ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखेर थप अनुसन्धान भइरहेको जनाइएको छ । उनीहरूलाई झापा जिल्ला अदालतबाट म्याद थप गरी लागूऔषध नियन्त्रण ऐन २०३३ बमोजिम कारबाही प्रक्रिया अघि बढाउने प्रहरीले जनाएको छ ।

# पिकअप दुर्घटनामा मृत्यु

**इलाम, चैत २।** इलाम सूर्योदय नगरपालिका-३ रुङसुङमा भएको पिकअप दुर्घटनाबाट चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थानका ४३ बर्षीय रेशमबहादुर राय रहेका छन् ।

मे १ ज १२४१ नम्बरको फिकअप आफै अनियन्त्रित भई सडकबाट अन्दाजी २० मिटर तल खसेर दुर्घटना हुँदा घाइते भएका चालक रायलाई उपचारको लागि फिक्कल अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय पशुपतिनगर इलामले जनाएको छ ।

# स्वरोजगार बनाउन बाख्रापालन र मौरीपालन तालिम



**बिर्तामोड, चैत २।** बिर्तामोड-४ मा रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था शिक्षा तथा तालिम उपसमितिको आयोजनामा भएको उन्नत जातका बाख्रापालन तथा व्यवसायिक मौरीपालन सम्बन्धी सिपमूलक तालिम सम्पन्न भएको छ ।

कृषि व्यवसायमा संलग्न संस्थाका शेयर सदस्यहरुका लागि भएको तालिममा संस्थाको कार्यक्षेत्रका सबै सेवाकेन्द्रबाट छानिएर आएका तीन-तीन जना शेयर सदस्य गरी ६५ जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

उन्नत जातका बाख्रापालन सम्बन्धी तालिमको सहजीकरण प्रगति बोयर बाख्रापालन फर्म हल्दिबारी-१ गोलधापका सञ्चालक गणेश पराजुलीले गरेका थिए भने र व्यवसायिक मौरीपालन सम्बन्धी तालिमको सहजीकरण सतासी महिला मौरीपालन सहकारी संस्था दूधेकी अध्यक्ष धनमाया थापा र व्यवस्थापक देवीमाया ओली दाहालले गरेका थिए ।

उन्नत जातका बाख्रापालन तालिमका सहजकर्ता पराजुलीले तालिममा सहभागीलाई बाख्राको खोर व्यवस्थापन कसरी गर्ने, गुणस्तरीय दानाको उत्पादन, व्यवस्थापन तथा खुवाउने तरिका बारे जानकारी गराएका थिए भने सहभागीलाई प्रगति बोयर फर्मको स्थलगत अवलोकन भ्रमण गराएर त्यस सम्बन्धी प्रत्यक्ष जानकारी गराएका थिए ।

त्यसैगरी व्यवसायिक मौरीपालन सम्बन्धी तालिमका सहजकर्ता थापा र दाहालले मौरीको रहनसहन, हावापानी, घारको व्यवस्थापन, मौरी समात्ने तरिका, मौरीलाई रत्याउने तरिका, घारभित्र राख्ने प्रक्रिया लगायतका बारेमा जानकारी गराउनुका साथै सतासी महिला मौरीपालन सहकारी संस्था शिवसताक्षी दूधेको स्थलगत अवलोकन गराएर त्यस सम्वन्धी प्रत्यक्ष जानकारी गराएका थिए ।

संस्थाको शिक्षा तथा तालिम उपसमितिका संयोजक मेहरमान बिष्टको अध्यक्षता तथा संस्थाका अध्यक्ष सुवास भट्टराईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा प्रमुख अतिथि भट्टराईले संस्थाका शेयर सदस्यहरुलाई उन्नत जातका बाख्रा तथा व्यवसायिक मौरीपालन सम्बन्धी सिपमूलक तालिम प्रदान गरेर स्वरोजगार बनाउने उद्देश्यले तालिम प्रदान गरेको बताए ।

कार्यक्रममा संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले सिम्रिक साकोसको वर्तमान वित्तीय स्थिति एवम् सदस्य र सेवाकेन्द्रहरु बारे जानकारी गराएका थिए । उनले तालिम आयोजना गर्नुको औचित्य प्रष्ट्याउँदै सबै सेवाकेन्द्रबाट छानिएर आएका संस्थाका सदस्यहरुले तालिम पछि बाख्रापालन वा मौरीपालन गर्न व्यवसाय गर्न चाहे संस्थाले आवश्यकता अनुसार कर्जा उपलब्ध गराउने प्रतिवद्धता जनाए ।

सिम्रिकको लक्ष्य आफ्ना सबै सदस्यहरु व्यवसायी बनुन् भन्ने रहेकाले कृषि व्यवसायको माध्यमबाट आर्थिक अवस्थामा सुधार गर्न सकिने गरी व्यवसाय गर्न कार्यकारी प्रमुख बस्नेतले सहभागीहरुलाई आग्रह गरे । कार्यक्रममा प्रशिक्षक पराजुली, थापा र दाहालले आफ्नो अनुभवबारे समेत सहभागीलाई जानकारी गराएका थिए भने सहभागीको तर्फबाट विनिता सापकोटा लगायतले तालिम फलदायी भएको र आफूहरुलाई बाख्रापालन र मौरीपालन गर्न तालिमबाट प्राप्त ज्ञानले सहजता दिने बताएका थिए ।

तालिमका सहभागीलाई प्रमाणपत्र र प्रशिक्षकलाई प्रशंसापत्र प्रदान गरिएको कार्यक्रमको सञ्चालन तालिम विभाग प्रमुख प्रेम बस्नेत (विजय)ले गरेका थिए ।

# अरनीको माविका विद्यार्थीलाई राउण्डटेवलद्वारा सहयोग



**बिर्तामोड, चैत २।** अन्तर्राष्ट्रिय राउण्ड टेवल दिवसको उपलक्ष्यमा साविक महेशपुरमा रहेको अरनीको माध्यमिक विद्यालयलमा अध्ययनरत् विद्यार्थीलाई स्टेसनरी सामग्रीसहित व्याग प्रदान गरिएको छ ।

एक सय ११ जना विद्यार्थीलाई बिर्तामोड राउण्डटेवल २७ ले शैक्षिक तथा स्टेसनरी सामग्री प्रदान गरेको हो ।

कार्यक्रममा बिर्तामोड राउण्ड टेवलका अध्यक्ष जीतेश शर्मा, उपाध्यक्ष सुमित साहेवला, सचिव अमित वंशल, कोषाध्यक्ष निरज चौधरी र सदस्यहरु रितेश मंगल, मनोज गोयल, रमन अग्रवाल लगायतले विद्यार्थीलाई शैक्षिक तथा स्टेशनरी सामग्री प्रदान गरेको मारवाही युवा मञ्चका पूर्व अध्यक्ष दिपक मित्तलले जानकारी दिए ।

संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सामग्री प्रदान गरिएको बिर्तामोड राउण्ड टेबलले जनाएको छ । कार्यक्रममा विद्यालयका शिक्षक तथा विद्यार्थीले सामग्री प्रदान गर्ने दातालाई धन्यवाद दिएका थिए ।

# ६३१८ जना ज्येष्ठ नागरिकलाई कोभिड-१९ विरुद्धको खोप

□ उमानाथ भण्डारी

**कमल, चैत २।** कमल गाउँपालिकामा दोश्रो चरणको खोप अभियान अन्तर्गत चैत १ गतेदेखि ५ गतेसम्म ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउन शुरु गरिएको छ ।



नेपाल सरकारले ज्येष्ठ नागरिकलाई खोप लगाउन सहज होस् भनेर पालिकास्तरमा नै खोप लगाउने व्यवस्था मिलाएको छ । आइतबारबाट शुरु गरिएको खोप अभियान अन्तरगत कमल गाउँपालिकामा आइतबार तीन सय ५९ जनाले खोप लगाएको स्वास्थ्य शाखाले जनाएको छ ।

जसमा तोपगाछी क्षेत्रमा शहीद धर्मभक्त माध्यामिक विद्यालय केन्द्रमा एक सय ८४ जनाले र लखनपुर क्षेत्र अन्तर्गत कोभिड अस्पताल केन्द्रमा एक सय ७५ जना ज्येष्ठ नागरिकले कोभिड-१९ विरुद्धको खोप लगाएको लखनपुर स्वास्थ्य शाखा प्रमुख विमल थापाले जानकारी दिए। खोप लगाएपछि हुन सक्ने विभिन्न असरका बारेमा गलत अफवाह फैलाए पनि खोप लगाएका ज्येष्ठ नागरिकलाई कुनै पनि असर नदेखिएको स्वास्थ्य शाखाले जनाएको छ ।

गाउँपालिकाले नागरिकलाई सहजरुपमा खोप लगाउन सकियोस् भनेर वडाका विभिन्न ठाउँका खोप केन्द्र सञ्चालन गरिएको र त्यसका लागि आवश्यक सहयोगका लागि जनप्रतिनिधी, टोल विकास संस्था, स्थानीय संघ-संस्थासँगको सहकार्यमा खोप सञ्चालन गरिने कमल गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख बाबुराम थुलुङ्गले जानकारी दिए ।

दोश्रो चरणको खोप अभियान अन्तर्गत कमल गाउँपालिकामा छ हजार तीन सय १८ जना लक्षित वर्ग रहेको र उनीहरुलाई व्यवस्थित रुपमा खोप लगाउनका लागि ११ वटा खोप केन्द्र सञ्चालन गरिने र सो खोप केन्द्रमा स्वस्थ्यकर्मी र स्वयम्सेवक गरी १२ जना खटिने प्रमुख थुलुङ्गले जानकारी दिए ।


## कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा प्रदेश नं. १ नेपाल

## सँधियार नाममा जारी गरिएको १५ दिने सूचना

साविक तोपगाछी गा.वि.स वडा नं. ७ हाल कमल गाउँपालिका, वडा नं. ३ बस्ने श्री धनमाया लिम्बूले मिति २०७७/११/०९ गते निजका नाममा दर्ता कायम रहेको जग्गामा अर्धपक्की भवन (टिनको छानो) निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा तपाईं सँधियारको सर्जमिनमा उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३१ को उपदफा (क)को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । भवन निर्माणबाट सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यपालिकामा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

| निवेदक/ठेगाना | कित्ता नं. | क्षेत्रफल | पूर्वतिरको सँधियार र कि.नं. | पश्चिम तिरको सँधियार र कि.नं. | उत्तर तिरको सँधियार र कि.नं. | दक्षिण तिरको सँधियार र कि.नं. | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|---|
| धनमाया लिम्बू कमल वडा नं. ३ | १९०९ | ०-१९-० | शारदा लिम्बू कि.नं. १४४६, इन्द्रबहादुर लिम्बू कि.नं. ८०५, टेकबहादुर लिम्बू कि.नं. १४४७ | धनमाया लिम्बू कि.नं. १९०८ | पूर्व-पश्चिम राजमार्ग | केर्खा खोला | २०७७/११/२८ |

## मोहनमाया माध्यमिक विद्यालय
बिर्तामोड नगरपालिका-२, चारपाने, झापा

## नि:शुल्क सीपमूलक तालिम सञ्चालन सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् CTEVT को आर्थिक सहयोगबाट तपसिलका विषयहरुमा छोटो अवधिको नि:शुल्क सीपमूलक तालिम सञ्चालन हुने भएकाले १८ वर्ष उमेर पुगेका नेपाली नागरिकहरुले तालिम लिई स्वरोजगारको अवसर प्राप्त गर्नु भई मौकाको फाइदा उठाउन हुन सूचित गरिन्छ । तालिम अवधिभर खाजाको पनि व्यवस्था गरिएको छ ।

**तालिम सञ्चालन हुने विषयहरु :**

| सि.नं. | तालिमको विषय | प्रशिक्षार्थी संख्या | अवधि (घण्टामा) | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | Computer Operator | २० | २२० घण्टा | SEE/SLC उत्तीर्ण | लोक सेवा आयोगमा अति उपयोगी |
| २. | Junior Building Electrician | २० | ३९० घण्टा | साधारण लेखपढ | स्वरोजगार हुने |
| ३. | Construction Worker | २० | ३९० घण्टा | साधारण लेखपढ | स्वरोजगार हुने |

**आवश्यक कागजात**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान
२) पासपोर्ट साइजको फोटो २ थान
३) शैक्षिक प्रमाण पत्रको प्रतिलिपी १ थान

**थप जानकारी**
१) तालिम अवधिभर दैनिक रु. ५० को खाजाको व्यवस्था गरिनेछ ।
२) तालिम समापनपछि CTEVT द्वारा तह १ (Level 1) को सीप परीक्षण गरी उम्मेद्वारलाई सीपको प्रमाणपत्र दिइनेछ ।
३) फारम वितरण : २०७७ चैत्र ०१ गते आइतबारदेखि २०७७ चैत ०८ सम्म
४) फारम पाइने र बुझाउने स्थान : मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड-२
५) **थप जानकारीका लागि:- ०२३-५४३६५२, ९८४२७०४७३४, ९८०३४७०१६०, ९८१५९३६६६८**

- प्रधानाध्यापक

## रेष्टुरेन्ट बिक्रीमा
झापाको बिर्ताबजारमा अति चालू अवस्थाको रेष्टुरेन्ट तु-बिक्रीमा छ ।
सम्पर्क : ९८२६९४३८८९

## कर्मचारी आवश्यकता
कुक : ३ वेटर : ४
क्लिनर : २ क्यासियर : १
तलब : आपसी समझदारीमा
मार्सी होटल तथा आशीर्वाद क्याटरिङ्ग
कन्काई रोड छेउ
(फोन: ९८४२६२४८७५, ९८२४०८५४७४)

## कर्मचारी आवश्यकता
२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
महिला : १० जना उमेर : २० देखि ३० वर्ष
पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष
कार्यक्षेत्र : झापा जिल्लाभर
पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## सुरक्षागार्ड चाहियो
पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)
सेक्टरवान सेक्यूरिटी सर्भिस
बिर्तामोड, झापा
फोन: (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## कर्मचारी आवश्यकता
यस B & C भित्र रहेको क्यान्टिनको लागि केही कर्मचारी आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
कुक: १ जना (चाइनिज, इण्डियन बनाउन जान्ने पुरुष)
वेटर : ३ जना (पुरुष)
हेल्पर : २ जना (पुरुष)
सम्पर्क : ९८०३७७५८६४, ९८१६९९८६७७

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!
CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।
सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला
हिन्दी चलचित्र : ROOHI
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)




## बिरामी वर्गलाई खुशीको खबर
अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।
मो. ९८४२६४३६१८/९८०४९९४८८०
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले पनि दु:ख पाइनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मध्याह्नदेखि बौद्धिक कलाको प्रभाव बढ्नेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिगो काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनुका साथै अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने मेहनतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । साँझदेखि साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बेसुरमा काम गर्ने बानीले पनि मेहनत खेर जानेछ । पुरानो गतिले पनि काम बिग्रन सक्छ । संयम रहनुपर्ला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । सोखले खर्च बढाए पनि भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** साँझतिर व्यापारमा लाभ हुनेछ । कामको लगावले मनग्गे धन आर्जन हुनेछ । विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । हिम्मतले काम बनाउन सकिनेछ । इर्ष्या गर्नेहरूको मनोबल कमजोर हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सानो प्रयत्नले ठूलो फाइदा दिलाउनेछ । दीर्घकालसम्म फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । उ

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** साँझतिर बोलीको भरमा काम बन्न सक्छ । तार्किक क्षमताले मानसम्मान र फाइदा दिलाउनेछ । यात्राको अवसर आउला ।